# बेनी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को तेस्रो चौमासिक अवधि सम्ममा भए गरेका विकास निर्माण तथा सेवा प्रवाह सम्बन्धी प्रगति प्रतिवेदन

*मिति २०८२।०३।३२ गते*

## १. कुल बजेट तथा खर्चको विवरण

### क) क्षेत्र/उपक्षेत्रगत रुपमा विनियोजित बजेट तथा खर्च विवरण (रु हजारमा)

| क्र.सं | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४,९०,९७ | ३,९०,४० | ७९.५२ |
| २ | सामाजिक विकास | ४२,०९,८४ | ३८,८१,५७ | ९२.२ |
| ३ | पूर्वाधार विकास | १३,४१,९० | ११,५७,१३ | ८६.२३ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २,८७,२६ | २,३७,५४ | ८२.६९ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १२,२६,१३ | ८,८८,५२ | ७२.४७ |
| जम्मा | | ७५,५६,११ | ६५,५५,१७ | ८६.७५ |

### ख) चालु र पूँजीगत बजेट (रु हजारमा)

| विनियोजित चालु बजेट | चालु खर्च | चालु खर्च (%) | विनियोजित पूँजीगत बजेट | पूँजीगत खर्च | पूँजीगत खर्च (%) |
|---|---|---|---|---|---|
| ५४,४६,२६ | ४७,८३,०१ | ८७.८२ | २१,०९,८५ | १७,७२,१५ | ८३.९९ |

### ग) सामाजिक सुरक्षा तथा संरक्षण (रु हजारमा)

| कुल बजेट | खर्च (निकासा) | खर्च (%) |
|---|---|---|
| १५,५२,४९ | १५,५०,४६ | ९९.८६ |

## २. राजस्व संकलन

### क) आन्तरिक आय यथार्थ र प्रक्षेपण

| राजश्व संकेत | शीर्षक | आ.व. २०८०/८१ को यथार्थ | आ.व. २०८१।८२ को संशोधित अनुमान | आ.व. २०८२।८३ को वार्षिक अनुमान रू. | कैफियत |
|---|---|---|---|---|---|
| ११३१३ | सम्पत्ति कर | ३६११४७५ | २९८१२२९.३५ | ६०००००० | |
| ११३१४ | भुमिकर (मालपोत) | २१९४५९९ | २६३४१८५.४ | २५००००० | |
| ११३२१ | घर बहाल कर | ६६९४२१३ | ६४२०५५४.२५ | ७५००००० | |
| ११३२२ | बहाल बिटौरी शुल्क | ३९३२९६० | २८३८००६ | ५०००००० | |
| ११४५१ | सवारी साधन कर (साना सवारी) | ८०००० | १५५५०० | २००००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११४७९ | अन्य मनोरञ्जन कर | २८९४० | १२२९० | ५०००० | |
| १४६९१ | अन्य कर | ९६१४७९ | ७०५५२४२.६६ | १००००० | |
| १४२२१ | न्यायिक दस्तुर (न्यायीक समितिको समेत) | ६८५० | ४२५० | १५००० | |
| 14223 | शिक्षा क्षेत्रको आम्दानी | ७८५६०० | ९१७५७५ | ६००००० | |
| १४२२४ | परिक्षा शुल्क | ४१०० | ८४०० | ५०००० | |
| १४२२९ | अन्य प्रशासनिक शेवा शुल्क (बोलपत्र बिक्रि समेत) | ५०२३५० | ३६५७०० | ५००००० | |
| १४२४१ | पार्किङ्ग शुल्क | ० | ० | १५००००० | |
| १४२४२ | नक्सापास दस्तुर | २२१८९२ | २००६०३ | ५००००० | |
| १४२४३ | सिफारिस दस्तुर | ५५२१५४७ | ४४३१४९३.८६ | ६०००००० | |
| १४२४४ | व्यक्तिगत घटना बिलम्ब दस्तुर | ६४८२५० | ७४१८५० | ८००००० | |
| १४२४५ | नाता प्रमाणित दस्तुर | २३५२५० | १५१२५० | ३००००० | |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १७४०० | १२५०० | १००००० | |
| १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | ११८३८३५ | १५७३०४१ | २५००००० | |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत (ठेक्का पट्टा र अन्य नक्शापास) | २४२१३२ | १२८५२० | ३००००० | |
| १४३१३ | धरौटी सदर स्याहा | ० | ० | ३५००० | |
| १४५२१ | प्रदुषण नियन्त्रण शुल्क (सरसफाई) | ३७६३९१५ | ५९५४३४०.१४ | ४२००००० | |
| १४६११ | व्यवसाय कर | २५५३७६० | २८२९८९९ | ३०००००० | |
| १५१११ | बेरूजु असुल भई प्राप्त आय | १७९९३८७ | ३०६५५२.२ | ३००००० | |
| १४२४९ | जिवजन्तु कवाडी र निकासी कर (अन्य दस्तुर) | ९७०००० | १०५१००० | १३००००० | |
| **जम्मा** | | **३५९५९९३३.७७** | **४०७७३९८१.९०** | **४३३५००००** | |
| **<u>बाँडफाँड गर्नुपर्ने राजस्वको अनुमान</u>** | | | | | |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ७९६७३५१ | ६०४०४५९ | ८५००००० | |
| ११४७२ | बाँडफाँडबाट प्राप्त विज्ञापन कर | १४९४५२.२० | १४६३८५.६ | १५०००० | न.पा.लाई प्राप्त हुने ६०%को अनुमान |
| १४१५७ | बाँडफाँडबाट प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त आय | ४२५३०२२.६३ | १९६८९७३.६ | ४५००००० | |
| **जम्मा** | | **१२३६९८२६** | **८१५५८१८** | **१३१५००००** | |
| **बाँडफाँड सहित प्राप्त हुने जम्मा आन्तरिक आम्दानी** | | **४८३२९७६०** | **४८९२९८००** | **५६५०००००** | |

- हाल सम्म ४ वटा वगरहरुको नदिजन्य पदार्थ उत्खननको ठेक्का सम्झौता भई राजस्व संकलन भएको तथा ५ वटा वगरहरुको ठेक्का नपरेको।

- समग्रमा राजस्व संकलनमा आर्थिक वर्ष २०८१।८२ मा ८१.५५ प्रतिशत प्रगति हासिल भएको छ।

**ख) कार्यालयगत रुपमा राजस्व संकलन अवस्था:**

| आ.व. २०८१/८२ अवधी : २०८१/०४/०१-२०८२/०३/३१ | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **संकेत** | **राजस्व संकलन गर्ने कार्यालय** | **जम्मा** | **कैफियत** |
| १ | ८०४४४४०१३०० | बेनी नगरपालिका, म्याग्दी | २,७८,३१,९२२.९२ | |
| २ | ८०४४४४०१३०१ | बेनी नगरपालिका,१ नं. वडा कार्यालय, म्याग्दी | ६,५०,७१७.०६ | |
| ३ | ८०४४४४०१३०२ | बेनी नगरपालिका,२ नं. वडा कार्यालय, म्याग्दी | ९,११,२१६.०० | |
| ४ | ८०४४४४०१३०३ | बेनी नगरपालिका,३ नं. वडा कार्यालय, म्याग्दी | ७,८०,५९०.०० | |
| ५ | ८०४४४४०१३०४ | बेनी नगरपालिका,४ नं. वडा कार्यालय, म्याग्दी | १०,४९,६३५.५२ | |
| ६ | ८०४४४४०१३०५ | बेनी नगरपालिका,५ नं. वडा कार्यालय, म्याग्दी | ७,९३,७८२.०० | |
| ७ | ८०४४४४०१३०६ | बेनी नगरपालिका,६ नं. वडा कार्यालय, म्याग्दी | ४,९०,२०४.०० | |
| ८ | ८०४४४४०१३०७ | बेनी नगरपालिका,७ नं. वडा कार्यालय, म्याग्दी | २०,७४,६७२.६१ | |
| ९ | ८०४४४४०१३०८ | बेनी नगरपालिका,८ नं. वडा कार्यालय, म्याग्दी | ४३,१९,०३८.३५ | |
| १० | ८०४४४४०१३०९ | बेनी नगरपालिका,९ नं. वडा कार्यालय, म्याग्दी | १४,१०,४३६.०० | |
| ११ | ८०४४४४०१३१० | बेनी नगरपालिका,१० नं. वडा कार्यालय, म्याग्दी | ४,६१,७६७.४४ | |
| | | जम्मा | **४०७७३९८१.९०** | |

# ३. पूर्वाधार विकास

## क) सडक तर्फ :

| क्र. स. | योजनाको नाम | विनियोजित रकम | सम्झौता रकम रु. | हाल सम्मको प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| १ | बेनी – लम्लिहिल - ज्यामरुकोट सडक स्तरोन्नति | २५ लाख | २०,१७,७०६.९८ | निर्माण कार्य सम्पन्न भएको। | baniya nirman sewa, beni-07, myagdi |
| २ | अर्थुङ्गे - पुलाचौर सडक स्तरोन्नति | ८२ लाख | ६२,६७,८३८.८८ | ८५% निर्माण कार्य सम्पन्न भएको र निर्माणको चरणमा रहेको | saksham brothers pvt.ltd. Beni -06 , myagdi |
| ३ | महारानीथान – छाप - डाँडाखेत सडक स्तरोन्नति | १ करोड | ७५,९७,४५२.८७ | निर्माण कार्य सम्पन्न भएको | saksham brothers pvt.ltd. Beni -06 , myagdi |
| ४ | बेनी – अर्थुङ्गे - तोरीपानी पात्लेखेत सडक | ३ करोड | २,०९,२४,८१०.९३ | निर्माण कार्य सम्पन्न भएको | bikesh dupcheshwar subham jv, baneshor kathmandu |
| ५ | कालिपुल कृषि भवन निर्माण | ३० लाख ५० हजार | २६,५०,०००.०० | निर्माण कार्य सम्पन्न भएको | s.s builders, beni-08, myagdi |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | रत्नेचौर परम वैदिक सनातन धार्मिक आश्रम र परम वैदिक धार्मिक सनातन आश्रममा श्रीलक्ष्मीहरि मन्दिर पूर्वाधार | ८२ लाख ५० हजार | ५९,८८,१७०.३४ | निर्माण कार्य सम्पन्न भएको | shankar nirman sewa, beni-07, myagdi |
| ७ | गलेश्वर बजार सौन्दर्यिकरण | ३० लाख | २४,३६,५७१.५४ | निर्माण कार्य सम्पन्न भएको | s.s builders, beni-08, myagdi |
| ८ | पशु बधशाला निर्माण | ४० लाख | २९,७५,५८९.४७ | निर्माण कार्य सम्पन्न भएको | bhandari nirman sewa jaljala-03, parbat |
| ९ | बेनी - पुलाचौर सडक मर्मत सडक बोर्ड | ७२ लाख | ६८,७९,४९८.६१ | ८५% निर्माण कार्य सम्पन्न भएको र निर्माणको चरणमा रहेको | bhandari nirman sewa jaljala-03, parbat |
| १० | वडा कार्यालय कोठा थप तथा व्यवस्थापन बेनपा ७ | २१ लाख | १६,२२,८८१.३६ | निर्माण कार्य सम्पन्न भएको | baniya nirman sewa, beni-07, myagdi |
| ११ | कालीगण्डकी स्वच्छता कार्यक्रम (पूर्वाधार निर्माण) | ७३ लाख | ५३,०५,२१७.२४ | निर्माण कार्य सम्पन्न भएको | sk construction, beni-06, myagdi |
| १२ | बेनी खुल्ला मञ्च | २५ लाख | १९,९३,११८.२४ | निर्माण कार्य सम्पन्न भएको | kasturi construction baglung municipality 08, baglung |
| १३ | बेनी – अर्थुङ्गे - तोरीपानी पात्लेखेत सडक-II | २० लाख | १६,५१,८९९.६७ | निर्माण कार्य सम्पन्न भएको | alpha bita construction and housing service, beni municipality-09, myagdi |

**ख) <u>शहरी विकास तथा भवन निर्माण तर्फ :</u>**

| आ.व. २०८१।८२ मा बेनी नगरपालिकाको कार्यालयबाट भएका घरनक्सा पासको विवरण : | | |
|---|---|---|
| १ | नयाँ भवनको नक्सा पास अनुमति संख्या | १२ |
| २ | पुराना भवनहरू अभिलेखीकरण संख्या | ११ |
| ३ | नयाँ भवन निर्माण सम्पन्न प्रमाणपत्र संख्या | ० |
| **जम्मा** | | **२३** |

**ग) विविध:**

| क्र.सं. | विषय क्षेत्र | उपक्षेत्र | ईकाइ | वडा कार्यालय मार्फत | नगरपालिका मार्फत | जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | सडक | ढलान | मिटर | १,१७१.०० | ८४६.०० | २,०१७.०० | |
| | | कालोपत्रे | मिटर | | १,३३७.०० | १,३३७.०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ग्रावेल | मिटर | १,४२०.०० | १,६००.०० | ३,०२०.०० | |
| | | ट्र्याक खोल्ने | मिटर | २,९०५.०० | | २,९०५.०० | |
| | | गोरेटो बाटो | मिटर | ४,६५६.०० | १,२५०.०० | ५,९०६.०० | |
| | | ढुंगा छाप्ने | मिटर | | १००.०० | १००.०० | |
| २ | घेराबार | घेराबार | मिटर | ५६२.५० | १४७.०० | ७०९.५० | |
| ३ | पार्क निर्माण | रावण पार्क | वटा | | १.०० | १.०० | |
| ४ | खानेपानी तथा ढल निर्माण | खानेपानी सुविधा थप उपलब्ध गराएका परिवार | घरधुरी | | | - | |
| | | खानेपानी सेवाबाट लाभान्वित घरपरिवार | जना | | | - | |
| | | सिँचाई नाली निर्माण | मिटर | १,३११.०० | | १,३११.०० | |
| | | ढल निर्माण | मिटर | ९०२.०० | १.८० | ९०३.८० | |
| | | खानेपानी ट्याङ्की निर्माण | वटा | २०.०० | | २०.०० | |
| ५ | वृक्षरोपण | | वटा | ४०००.०० | | ४०००.०० | फलफुल विरुवा करिब |
| ६ | पोखरी ताल तलैया | | संख्या | २.०० | | २.०० | |
| ७ | नयाँ विद्यालय भवन निर्माण सम्पन्न | | वटा | २.०० | | २.०० | |
| ८ | स्वास्थ्य चौकी निर्माण | | संख्या | १.०० | | १.०० | |
| ९ | यात्रु प्रतिक्षालय | | संख्या | ५.०० | | ५.०० | फल्चा सहित |
| १० | सामुदायिक भवन निर्माण | | वटा | ११.०० | ३.०० | १४.०० | पशु बधशाला सहित |
| ११ | विद्यालय भवन मर्मत | | संख्या | १०.०० | | १०.०० | |
| १२ | मठ मन्दिर मर्मत | | संख्या | ६.०० | | ६.०० | |
| १३ | वडा कार्यालय मर्मत | | संख्या | ६.०० | १.०० | ७.०० | |
| १४ | खेल मैदान निर्माण | | संख्या | ८.०० | १.०० | ९.०० | |
| १५ | आधुनिक घाट तथा स्नान स्थल | | संख्या | | १.०० | १.०० | कालिगण्डकी किनार |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १६ | सडक स्तरोन्नती | | मी. करिव | - | २२,000.00 | २२,000.00 | |
| १७ | विपन्न नागरिक आवाश निर्माण | | संख्या | १३.00 | | १३.00 | |

# ४. योजना व्यवस्थापन

**क) नगरस्तरीय योजना व्यवस्थापन**

- बेनी नगर कार्यपालिकाको कार्यालयबाट ३० वटा योजना उपभोक्ता समितिसँग सम्झौता भई कार्यान्वयन गरिएको छ। १२ वटा योजना ठेक्का प्रक्रियामार्फत कार्यान्वयन गरिएको छ।
- पिच तथा ढलान हुने सम्पुर्ण सडकहरुको कोर कटिङ तथा  रु ५ लाख भन्दा बढी लागत भएका योजनाहरुको स्थलगत अनुगमन गरिएको छ।
- वडा नं. १,२,३,४,५,९ र १० मा उपभोक्ता समिति अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ।

**ख) नगरस्तरीय तथा वडास्तरीय गरी जम्मा योजनाहरूको विवरण :**

| वडा नं. | सम्पन्न योजना संख्या | सम्पन्न नभएका योजना | जम्मा योजना | कैफियत |
|---|---|---|---|---|
| १ | ३५ | ३ | ३८ | |
| २ | ४३ | १ | ४३ | लम्लिहिल साहसिक पिङ |
| ३ | २९ | ० | २९ | |
| ४ | ४४ | ० | ४४ | |
| ५ | ३६ | १ | ३७ | |
| ६ | ३२ | ० | ३२ | |
| ७ | १९ | १ | २१ | शान्ति पार्क |
| ८ | १७ | १ | १८ | |
| ९ | ३० | ० | ३० | |
| १० | २४ | ० | २४ | |
| **जम्मा** | **३०९** | **७** | **३१६** | |

- जम्मा योजनाहरु: ३१६ वटा (१०० %)
- सम्पन्न नभएका योजनाहरु: ७ वटा (२.२२ %)
- सम्पन्न योजनाहरु: ३०९ वटा (९७.७८ %)

**ग) प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फका योजनाहरुको विवरण**

| क्र.स | सम्पन्न योजना संख्या | सम्पन्न नभयका योजना | जम्मा योजना | कैफियत |
|---|---|---|---|---|
| १ | ८ | १ | ९ | नेपाल सरकार |
| २ | १२ | ० | १२ | आई.डि.ए. (IDA) |

## ५. शिक्षा, युवा तथा खेलकुद

- बेनी नगरपालिकाको शैक्षिक बुलेटिन प्रकाशन कार्य सम्पन्न भएको छ ।
- बेनी नगरपालिकाको पाँच वर्षे नगर शिक्षा योजना निर्माण कार्य सम्पन्न भएको छ ।
- चालु आर्थिक वर्षमा कक्षा ६ र ७ को स्थानीय पाठ्यपुस्तक लेखन कार्य सम्पन्न भई कक्षा १-७ सम्म स्थानीय पाठ्यपुस्तक छपाई गरी वितरण समेत भईसकेको छ ।
- राष्ट्रिय शिक्षा दिवसको उपलक्ष्यमा आधारभूत तह (१-५) चित्रकला प्रतियोगिता, आधारभूत तह (६-८) हाजिरीजवाफ प्रतियोगिता र माध्यमिक तह तह (९-१२) वक्तृत्वकला प्रतियोगिता सञ्चालन तथा शैक्षिक सत्र २०८० को एस. इ. इ. र कक्षा ८ को आधारभूत तह उत्तीर्ण परीक्षामा उत्कृष्ठ जि. पि. ए. ल्याउने सामुदायिक र संस्थागत गरी ८ जना विद्यार्थीहरुलाई पुरस्कृत गरिएको छ ।
- दिवाखाजा, पाठ्यपुस्तक, छात्रवृत्ति (विपन्न लक्षित, आवासीय तथा गैर आवासीय) विद्यालय सञ्चालन व्यवस्थापन अनुदान, इन्टरनेट जडान पि. सि. एफ. लगायतको अनुदान विद्यालयको खातामा निकासा गरिएको छ ।
- शिक्षक, विद्यालय कर्मचारी, बाल विकास सहजकर्ता, सामुदायिक परिचालकको वार्षिक तलब भत्ता निकासा गरी मासिक तलब भत्ता निकासाको प्रयत्न गरिएको छ ।
- नियमित प्र.अ. बैठक ८ पटक तथा नगर शिक्षा समितिको बैठक ८ पटक बसी महत्वपूर्ण निर्णयहरु भई सोको कार्यान्वयन गरिएको छ ।
- विद्यालयमा पुस्तकालय प्रयोगशाला तथा ICT व्यवस्थापन कार्यक्रम ३ वटा विद्यालयमा सम्पन्न गरिएको छ ।
- विद्यालयहरुको आ. व. २०८०/०८१ को अन्तिम लेखा परीक्षण कार्य सम्पन्न भएको छ ।
- विद्यालय समायोजन, दरवन्दी मिलान तथा शिक्षक व्यवस्थापन कार्यविधि २०८१ निर्माण भई कार्यान्वयनमा आएको छ ।
- "हामी सक्छौ हामी गर्छौं (We can We do) कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१" निर्माण भई कार्यान्वयनमा आएको छ । बेनी नगरपालिकाका १४ वटा विद्यालयहरुमा आयआर्जन तथा सीपमूलक तालिम कार्यक्रम सम्पन्न गरिएको छ ।
- पाँचौ राष्ट्रपति रनिङ शील्ड प्रतियोगिता मंसिर ४ देखि ८ गतेसम्म भव्य रुपमा सम्पन्न भएको छ । जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा बेनी नगरपालिकाले द्वितीय स्थान हासिल गर्न सफल भएको छ ।
- गणित / विज्ञान अध्ययन लक्षित छात्रवृत्ती तथा विपन्न दलित जेहन्दार छात्रवृत्ती वितरण कार्य सम्पन्न भएको छ । जसबाट अति विपन्न जेहेन्दार दलित तर्फ १९ जना तथा गणित / विज्ञान अध्ययन लक्षित छात्रवृत्तितर्फ ८ जना विद्यार्थीहरु लाभान्वित भएका छन् ।
- सेनेटरी प्याड खरिद गरी विद्यालयमा वितरण कार्य सम्पन्न गरिएको छ । साथै तथा सेनेटरी प्याड डिस्पोजल मेसिन खरिद कार्य सम्पन्न भई वितरणको क्रममा रहेको छ ।

- नगरपालिका स्तरीय दोस्रो त्रैमासिक परीक्षा, वार्षिक परीक्षाका लागि विषयगत शिक्षक समिति बैठक बसी नगरपालिका स्तरीय परीक्षा सञ्चालन गरिएको छ र प्रश्नपत्र नगरपालिकाबाट निर्माण गरी एकरुपता कायम गरिएको छ ।
- आधारभूत तहस्तरीय कक्षा ८ को परीक्षा केन्द्राध्यक्ष फरक विद्यालयबाट खटाई सम्पन्न गरिएको छ । गत वर्ष भन्दा यस वर्ष नतिजामा अपेक्षाकृत सुधार आएको छ ।
- कक्षा ५ को उपलब्धी स्तर मापन परीक्षा सञ्चालन गरी विद्यालयगत नतिजा प्रकाशन गरी स्तर निर्धारण गरिएको छ।
- बालविकास सहजकर्ताहरुका लागि पुनर्ताजगी तालिम सञ्चालन गरिएको छ । जसबाट ४८ जना बालविकास सहजकर्ताहरुको क्षमता विकास भएको छ ।
- विश्व वातावरण दिवसको अवसरमा माध्यमिक तह स्तरीय निबन्ध लेखन प्रतियोगिता तथा आधारभूत तह स्तरीय वक्तृत्वकला प्रतियोगिता सम्पन्न गरिएको छ ।
- नगरपालिकाभित्रको समग्र शैक्षिक क्रियाकलापहरुलाई समेटी शैक्षिक क्यालेन्डर २०८२ प्रकाशन गरी विद्यालयमा वितरण गरिएको छ ।
- विद्यालयको शैक्षिक तथ्याङ्कलाई व्यवस्थित तुल्याउन एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली **IEMIS** तथा विपन्न लक्षित छात्रवृत्ति **PMT** व्यवस्थापन सम्बन्धी तालिम सम्पन्न गरिएको छ ।
- नमूना विद्यालय अन्तर्गत जामुनाखर्क माध्यमिक विद्यालयमा चौथो वर्षको भौतिक निर्माण तर्फको रु १ करोड बराबरको भौतिक निर्माण कार्य सम्पन्न भएको छ ।
- विज्ञान विषय प्रवर्धन कार्यक्रम अन्तर्गत म्याग्दी जिल्लाकै एक मात्र विज्ञान विषय पठनपाठन हुने प्रकाश माध्यमिक विद्यालयमा रु ४५ लाख बराबरको विज्ञान विषय प्रवर्धनका लागि कार्यक्रम सम्पन्न भएको छ ।
- बेनी नगरपालिकाको आर्थिक वर्ष २०८१ /०८२ को सशर्त चालु तर्फ कुल बजेट ३०,६८,८४,००० (तीस करोड अठ्सठ्ठी लाख चौरासी हजार) रुपैया विनियोजन भएकोमा २८,८६,२०,०२९ (अठ्ठाइस करोड छयासी लाख बीस हजार उनन्तिस) रुपैयाँ (९४.०४ प्रतिशत) खर्च भएको छ । त्यसै गरी बेनी नगरपालिकाको समानीकरण चालु तर्फ कुल बजेट २३,५९,५००० (दुई करोड पैतिस लाख पन्चानब्बे हजार) रुपैयाँ विनियोजन भएकोमा २१३२२३४७ (दुइ करोड तेह्र लाख बाइस हजार तीन सय सत्चालिस) रुपैयाँ (९०.३६ प्रतिशत) खर्च भएको छ ।

## ६. स्वास्थ्य सेवा

- खोप सेवा अन्तर्गत बेनी नगरपालिका अन्तर्गत रहेका २४ वटा खोप केन्द्रबाट २५१० जना लाई खोप सेवा प्रदान गरियो जसमध्ये यस आ.व. मा ४११ जना बालबालिकाले पूर्ण खोप प्राप्त गरेका छन् ।
- राष्ट्रिय भिटामिन-ए अभियान अन्तर्गत ६ देखि ५९ महिनाका १७६९ जना बालबालिका लाई भिटामिन ए र १९६६ जना बालबालिकालाई जुकाको औषधी खुवाइएको छ ।
- बेनी नगरपालिका वडा नं १ रत्नेचौर, र बे.न.पा-६ वडा कार्यालय स्थित स्त्री तथा प्रसूति रोग विशेषज्ञ टोली द्वारा महिलाहरूका लागि निःशुल्क पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर जाँच शिविर (VIA Camp) तथा आङ्ग खस्ने समस्याको उपचार कार्यक्रम सम्पन्न गरिएको छ । उक्त शिविरमा ४७२ जना महिलाहरूको पाठेघरको मुखको क्यान्सरको जाँच र ४१ जनाको आंङ्ग खस्ने समस्याको उपचार गरिएको छ ।

- पाठेघरको मुखको क्यान्सर विरुद्धको HPV खोप अभियान २०८१ अन्तर्गत १८५५ जना किशोरीहरूलाई HPV खोप लगाई अभियान सम्पन्न भएको छ।
- किशोरी आइरन कार्यक्रम अन्तर्गत ११ देखि १९ उमेर समूहका विद्यालयमा अध्ययनरत २४९० किशोरीहरूलाई २६ हप्ता आइरन चक्की खुवाइएको छ।
- प्रादेशिक स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश, पोखरा र बेनी नगरपालिकाको आयोजनामा बे.न.पा-९ घतानमा नसर्ने रोग सम्बन्धी बृहत् स्वास्थ्य शिविर सञ्चालन गरी ३४५ लाई सेवा प्रदान गरिएको छ।
- घुम्ती ग्रामीण अल्ट्रासाउन्ड सेवा कार्यक्रम अन्तर्गत १२३ जना गर्भवती लाई अल्ट्रासाउन्ड सेवा प्रदान गरिएको छ।
- "**ज्येष्ठ नागरिक घर भेट कार्यक्रम**" अन्तर्गत मासिक औसत ११०० जना ज्येष्ठ नागरिकलाई घरभेट माध्यमबाट प्रत्येक महिनामा स्वास्थ्य सेवा प्रदान गरिएको छ।
- "**नसर्ने रोगको प्रारम्भिक पहिचान कार्यक्रम**" अन्तर्गत ४० वर्ष माथिका नागरिकको हरेक महिना स्वास्थ्य संस्थामा हुने नि:शुल्क नसर्ने रोगको परीक्षण तर्फ यस आ.व मा ३२७२ जना सेवाग्राहीको रक्तचाप, सुगर र BMI जाँच गरी आवश्यक उपचार र परामर्श सेवा प्रदान गर्ने कार्य सम्पन्न भएको छ।
- विपन्न नागरिक औषधी उपचार सिफारिस तर्फ ४९ जना कडा रोग भएका बिरामीलाई उपचार सहुलियतका लागि सिफारिस गरिएको छ।
- मृगौला प्रत्यारोपण गरेका, डायलिसिस गराई रहेका, क्यान्सर रोगी र मेरुदण्डको पक्षघात भएका ७६ जना बिरामीलाई मासिक रु ५००० का दरले प्रदान गरिने औषधी उपचार बापतको रकम उपलब्ध गराउने कार्य भएको छ।
- स्वास्थ्य शिक्षा तथा प्रवर्धन अन्तर्गत विद्यालय लक्षित ९४ वटा, र समुदाय लक्षित १७९ वटा स्वास्थ्य शिक्षाका कार्यक्रम सञ्चालन गरिएको छ।
- सुत्केरी जाँच अन्तर्गत २८० जना सुत्केरीलाई २ पटक घर भेट गरी प्रोटोकल अनुसार सुत्केरी जाँच गरिएको छ।
- बेनी नगरपालिकाको "**विपन्न नागरिक नि:शुल्क स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१**" बमोजिम १४६ विपन्न परिवारको निःशुल्क स्वास्थ्य वीमा गरिएको छ।
- स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड मूल्याङ्कन कार्यक्रम अन्तर्गत ७ वटै स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड मापन कार्य सम्पन्न गरिएको छ।
- कारागार कार्यालय, म्याग्दीमा रहेका ९४ जना कैदीबन्दीहरुको क्षयरोग परीक्षणका साथै एकीकृत स्वास्थ्य जाँच गरिएको छ।
- पोषण कार्यक्रम अन्तर्गत बेनी नगरपालिका अन्तर्गत रहेका सबै स्वास्थ्य संस्थाहरूबाट १००० दिनका आमाहरूका लागि पोषण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ।
- संक्रामक तथा महामारीजन्य रोगको निगरानी, शीघ्र पहिचान र प्रतिकार्यका लागि “बेनी नगरपालिकाको समुदायमा आधारित रोग निगरानी प्रणाली कार्यविधि, २०८२” कार्यान्वयनमा ल्याई रोग निगरानी प्रणालीलाई सञ्चालनमा ल्याइएको छ।
- समग्रमा स्वास्थ्य तर्फ वित्तीय प्रगती शसर्त तर्फ ९२.९५ प्रतिशत र समानीकरण तर्फ ६९.५८ प्रतिशत रहेको छ।

## ७. कृषि विकास

- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत ससर्त अनुदान मार्फत् आ.व. २०८१/०८२ मा वडा नं ९ काउलेगौँडामा नयाँ केरा पकेट विकास कार्यक्रम र वडा नं ३ भकिम्लीमा नयाँ किवी पकेट विकास कार्यक्रम सञ्चालन भएको छ। जस अन्तर्गत ७० रोपनीमा केरा खेती र ५० रोपनीमा किवी खेतीको क्षेत्रफल विस्तार भएको छ।
- आई.पि.एम कृषक पाठशाला कार्यक्रम अन्तर्गत वडा नं १, २, ३, ४, ५, ६ र ९ मा सम्पन्न भएको छ। जसबाट १७५ जना कृषक प्रत्यक्ष लाभान्वित भएका छन्।
- बेनी नगरपालिकाको वडा नं ४, ५ र ६ मा माटो जाँच शिविर तथा अभिमुखिकरण कार्यक्रम मार्फत करिब २०० वटा माटोको नमुना जाँच गरिएको छ।
- संघीय सशर्त अनुदान मार्फत हस्तान्तरित खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा १०४० के.जि. गहुँ र १८० के. जि. मकैँको उन्नत बीउ वितरण गरिएको छ।
- बेनी नगरपालिकाको वडा नं ३, ४ र ९ मा कृषकहरुलाई सुन्तला फलफुल बगैँचा व्यवस्थापन सम्बन्धी एक/एक दिने तालिम सञ्चालन गरिएको छ।
- मकैबाली प्रर्वद्धन कार्यक्रम अन्तर्गत वडा नं १ र २ मा मकै खेतीका लागि आवश्यक पर्ने सामग्री ५०% अनुदानमा उपलब्ध गराईएको छ।
- तरकारी खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत वडा नं ४ ,६, ७, ८ र १० मा तरकारी खेतीका लागि आवश्यक पर्ने कृषि सामग्रीहरु ५०% अनुदानमा वितरण भएको छ।
- किसान सूचीकरण कार्यक्रम अन्तर्गत वडा नं ५ का ४५० कृषक घरधुरी (कृषक) सुचीकृत भएका छन्।

## ८. पशु सेवा

- हालसम्म १७६९ कृषकका २३५९८ पशुपंक्षी हरुमा विभिन्न उपचार सेवा तथा निः शुल्क औषधी वितरण गरिएको छ।
- ७८ गाई र १३२ भैसी गरी जम्मा २१० पशुहरुमा नश्ल सुधारका लागि कृत्रिम गर्भाधान सेवा उपलब्ध गराईएको छ।
- उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम अन्तर्गत बाख्रापालन तर्फ २८ वटा र गाइभैसी तर्फ १८ वटा गरी जम्मा ४६ फर्महरुलाई पशु संख्याको आधारमा उत्पादनमा आधारित अनुदान वितरण गरिएको छ।
- आहारा विकास कार्यक्रम अन्तर्गत १९०० के.जी. जै घाँस ३७३ जना कृषकहरुमा वितरण गरिएको छ।
- बेनी नगरपालिकाका ३५ जना कृषकहरुलाई १२००० माछाका भुरा वितरण गरिएको छ।
- बेनी नगर क्षेत्रका ३०५ जना कृषकहरुलाई १२०० के.जि. बर्षे घाँस (सुडान र बाजरा) को बीउ वितरण गरिएको छ।
- बेनी नगरपालिकाका ३ स्थानमा पशु स्वास्थ्य तथा बाझोपन निवारण शिविर सञ्चालन गरी ९००० पशुपंक्षीहरुलाई निःशुल्क औषधी वितरण र आवश्यक परामर्श दिने कार्य भएको छ।
- भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, म्याग्दीसँगको सहकार्यमा कुकुर बन्ध्याकरण शिविरमा जम्मा ६४ वटा कुकुरहरुमा बन्ध्याकरण तथा ७५ कुकुरहरुमा रेविज विरुद्ध खोप लगाईएको छ।

## ९. प्रशासन (सुशासन तथा संस्थागत विकास)

- बेनी नगर कार्यपालिकाको कार्यालय तथा मातहतका वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुमा करार सेवाका ७० जना र स्थायी ८२ जना गरी जम्मा १५२ कर्मचारीहरु कार्यरत छन्। बेनी नगर कार्यपालिकाको कार्यालयमा ५ नगर प्रहरीहरु कार्यरत छन्। बेनी नगरपालिका मातहतका स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य केन्द्रमा स्थायी ३० र करार १८ गरी जम्मा ४८ कर्मचारीहरु कार्यरत छन्।
- बेनी नगरपालिका क्षेत्रभित्र टेम्पो, अटोरिक्सा, ई-रिक्सा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ बमोजिम हाल सम्म १८ वटा तीन पाङ्ग्रे सवारी सञ्चालनमा रहेका छन्।
- खानेपानी तथा जलस्रोत उपभोक्ता समिति सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम हाल सम्म जम्मा ४१ वटा खानेपानी उपभोक्ता संस्थाहरु सञ्चालनमा छन्। बेनी नगर कार्यपालिकाको कार्यालयमा हाल सम्म जम्मा ५५ वटा निर्माण व्यवसायीलाई घ वर्गको इजाजत दिइएको छ।
- बेनी नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा विद्युतिय हाजिरी (E-attendance) लाई अनिवार्य बनाइएको छ । यसै आ.व.मा बेनी नगरपालिका मातहतका स्वास्थ्य संस्थाहरुमा पनि विद्युतिय हाजिरीलाई कार्यान्वयनमा ल्याइएको छ।
- बेनी नगरपालिकाको कर्मचारीहरुको पर्यटन काज सम्बन्धी कार्यविधि कार्यान्वयन ल्याइएको छ भने १६ जना कर्मचारीहरु यस कार्यक्रमबाट लाभान्वित भएका छन्।
- उत्कृष्ट कर्मचारी, शिक्षक, विद्यालय लगायतलाई पुरस्कृत गर्ने कार्यले निरन्तरता पाएको छ। बेनी नगरपालिकाको स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम, जनप्रतिनिधित तथा कर्मचारीहरु सहभागी भई व्याटमिन्टन तथा फुटसल प्रतियोगिता तथा नसर्ने रोगको जाँच कार्यक्रम सम्पन्न गरिएको छ।
- चालु आर्थिक वर्षमा जम्मा १४ वटा कानूनहरु निर्माण गरिएको छ। यससँगै बेनी नगरपालिकामा जम्मा ७८ वटा कानूनहरु निर्माण भई कार्यान्वयनमा आएका छन्।

| क्र.सं. | चालु आर्थिक वर्षमा निर्माण भई कार्यान्वयनमा आएका कानूनहरु |
|---|---|
| १ | विद्यालय समायोजन, दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन कार्यविधि, २०८१ |
| २ | बेनी नगरपालिकाको चिस्यान केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ |
| ३ | बेनी नगरपालिकाको विपन्न नागरिक निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ |
| ४ | बेनी नगरपालिकाको विपन्न नागरिक आवास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ |
| ५ | घरपालुवा कुकुर व्यवस्थापन कार्यविधि, २०८१ |
| ६ | कृषि तथा पशु उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि, २०८१ |
| ७ | We Can We Do कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ |
| ८ | आन्तरिक पर्यटन भ्रमण काज कार्यविधि, २०८२ |
| ९ | मेयरसँग सामाजिक विकास/युवा विद्यार्थीसँग मेयर कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ |
| १० | कृषक तथा पशुपालन समूह गठन तथा व्यवस्थापन कार्यविधि, २०८२ |
| ११ | समुदायमा आधारित सर्भिलेन्स कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ |
| १२ | आर्थिक सहायता वितरण कार्यविधि, २०८२ |

## १०. वन, वातावरण तथा विपद् व्यवस्थापन

- All Weather Road को अवधारणालाई कार्यान्वयन ल्याउने गरी बाढिपहिरोबाट यातायातमा अवरोध हुन नदिन सडक मर्मत गर्ने कार्य सम्पन्न भएको छ ।
- मनसुनजन्य विपदबाट घर पूर्ण क्षति भई "मनसुनजन्य विपद् प्रभावित आवास पुनर्निमाण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७" बमोजिम निजी आवास पुनर्निर्माण तर्फको लाभग्राही कायम भएका ३३ लाभग्राहीहरु मध्ये ३१ लाभग्राहीले तेस्रो किस्ता प्राप्त गरेका छन्  भने ७ जना लाभग्राहीहरुले पहिलो किस्ता प्राप्तीका लागि पहल भएको छ।
- बेनी नगरपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि बमोजिम आवश्यकता अनुसार विपद् प्रभावितहरुलाई राहत वितरणका कार्यहरु भएका छन् ।
- कृषि वन कार्यक्रम शिर्षकमा विनियोजित बजेटबाट अधिकांश वडाहरुमा कार्यक्रम सम्पन्न भएको छ ।

## ११. महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको क्षमता विकास

- बेनी नगरपालिकाको अपाङ्गता समन्वय समितिको बैठक नियमित बस्ने गरेको छ ।
- किशोर किशोरी लक्षित कानुनी साक्षरता, आत्मरक्षा तथा जनचेतनामूलक कार्यक्रम (बेनी नगरपालिका स्थित ७ र ८ नं. वडामा रहेका सामुदायिक तथा निजी विद्यालयका छात्राहरुलाई समेटेर बेनी सामुदायिक माध्यामिक विद्यालय, लिटल गार्डेन र म्याग्दी बहुमुखी क्याम्पस गरी जम्मा ३ वटा विद्यालयमा) सम्पन्न भएको छ ।
- प्रतिवेदन र प्रस्तावना लेखन तालिम नगरका १० वटै वडाका आमा समुहको २ जनाका दरले प्रतिनिधी, वडा सचिवहरु र शाखा प्रमुखका साथै अन्य कर्मचारी लगायतको सहभागितामा सम्पन्न भएको छ ।
- राष्ट्रिय वाल दिवस, ज्येष्ठ नागरिक दिवस, नारी दिवस लगायतका दिवसीय कार्यक्रमहरु सम्पन्न गरिएको छ । लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रम भव्यताका साथ सम्पन्न गरिएको छ ।
- सहायकस्तर चौथो तह (खरिदार पद) को लागि २० दिने  लोकसेवा तयारी कक्षा संचालन सम्पन्न भएको छ ।
- आमा समुहसँग उपमेयर कार्यक्रम बे.न.पा.-१, रत्नेचौर र बे.न.पा.-५, पुलाचौरमा सम्पन्न भएको छ ।
- कुरीतिजन्य प्रथाको अन्त्य, लैङ्गिक हिंसा न्यूनीकरणका लागि सचेतना कार्यक्रम वे.न.पा.-५, पुलाचौर र बे.न.पा.-१०,पात्लेखेतमा सम्पन्न भएको छ ।

## १२. सहकारी व्यवस्थापन

- यस आ.व.मा बेनी नगरपालिकाको नियमन क्षेत्राधिकार भित्र रहेका सहकारीका कर्मचारी तथा सञ्चालकहरुका लागि सहकारी तथा गरिवी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) सम्बन्धी तालिम तथा विनियम, कार्यविधि तथा नीति निर्माण सम्बन्धी कार्यशाला सम्पन्न गरिएको ।
- सहकारी शाखाको वित्तीय प्रगति ६४ प्रतिशत रहेको छ ।

## १३. रोजगार व्यवस्थापन

- आर्थिक वर्ष २०८१/८२ मा बेनी नगरपालिकामा सुचिकृत बेरोजगार व्यक्तिको संख्या ९९६ जना मध्ये ७१ जनालाई न्युनतम १०० दिनको दिइएको छ।
- २१ वटा योजनाहरु मध्ये २० वटा योजना सम्पन्न भएको छ। मोटरबाटो सोलिङ तथा मर्मत सम्भार १२०० मिटर र पदमार्ग निर्माण १२६० मिटर सम्पन्न भएको छ।
- ४० जना बेरोजगार व्यक्तिलाई ५० दिने कार्यस्थलमा आधारित सीप विकास तथा जीवन उपयोगी तालिम सञ्चालन गर्नुका साथै ५० दिनको रोजगारी दिइएको छ। वडा नं ५ का २३ जनालाई सडक मर्मत सम्बन्धी तालिम तथा वडा नं. ९ का १७ जनालाई डकर्मी तालिम दिइएको छ।
- आर्थिक वर्ष २०८२/८३ को लागि बेरोजगार सूचना प्रणालीमा १०३८ बेरोजगार सुचिकृत भएका छन्। जसमध्ये महिला ५३४ र पुरुष ४९४ रहेका छन्।
- श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सञ्चालन गरिएको छ। रोजगारीमा खटिनु पुर्व अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको छ। कार्यस्थलमा आधारित सुरक्षा सामग्री खरिद गरी वितरण गरिएको छ। आयोजनाहरुको नियमित अनुगमन र निरीक्षण गर्ने कार्य भएको छ।
- वैदेशिक रोजगारमा गई मृत्यु तथा अङ्गभङ्ग भएका व्यक्ति तथा परिवारको लागि पारिवारिक कानून बमोजिम प्राप्त गर्ने राहत, अनुदान लगायतका लागि सहजीकरण गर्ने कार्य भएको छ।
- नेपाल सरकारको रु २१,७७,००० र विश्व बैंकको रु २८,१६,००० गरी जम्मा रु ४९,९३,००० बजेट विनियोजन भएकोमा रोजगारी सिर्जना तर्फ वित्तीय प्रगती ९७.१६% र कार्यालय सञ्चालन तर्फ ८९.७८ प्रतिशत रहेको छ।

## १४. आप्रवासी स्रोत केन्द्र तर्फ:

- ५४०६ जनालाई सूचना तथा परामर्श सेवा प्रदान गरिएको छ।
- मनोपरामर्श सेवाका लागि निवेदन प्राप्त भएका जम्मा ८७ समस्या मध्ये ३९ वटा समस्याहरु समाधान भई सेवाग्राहीहरुले विभिन्न निकायबाट आर्थिक सहायता प्राप्त गरेका छन्।
- सुरक्षित वैदेशिक रोजगार सम्बन्धी प्रहरीसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ।
- सुरक्षित वैदेशिक रोजगार सम्बन्धी पत्रकारसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ।
- सुरक्षित वैदेशिक रोजगार सम्बन्धी जनप्रतिनिधिसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ।
- सुरक्षित वैदेशिक रोजगार सम्बन्धी विषयगत शाखासँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ।
- जिल्ला प्रशासन आप्रवासी स्रोत केन्द्र र रोजगार सेवा केन्द्र विच २ वटा समन्वायात्मक बैठक सम्पन्न गरिएको छ।
- सुरक्षित आप्रवासनको आधार सूचना र सीप सिहतको रोजगार भन्ने मुल नाराका साथ आप्रवासी श्रमिक दिवस मनाइएको छ।
- बेनी नगरपालिका सञ्चालित सुरक्षित आप्रवासन कार्यक्रम सामि अन्तर्गत मनोसामाजिक परामर्शका लागि प्राप्त जम्मा १३ केश रहेकोमा आवश्यक परामर्श सेवा प्रदान गरिएको छ। १३ मध्ये ६ वटा केश समाधान भएका छन् भने बाँकी Follow Up मा रहेका छन्।

# १५. व्यक्तिगत घटना दर्ता  तथा सामाजिक सुरक्षा

## क) व्यक्तिगत घटना दर्ता

| वडा नं. | जन्म | | | मृत्यु | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | जम्मा |
| १ | १५२ | १४१ | २९३ | ७४ | ६४ | १३८ | २१ | १५८ | ९ | २९ | १९ | ६२ | ६३८ |
| २ | २५६ | २२६ | ४८२ | ९४ | ५५ | १४९ | २६ | १८० | २१ | ९६ | ३० | १०० | ८८८ |
| ३ | २८५ | २३६ | ५२१ | ८५ | ६८ | १५३ | ४७ | २०९ | ४ | १० | ८७ | ३७६ | १०२१ |
| ४ | १७३ | १५७ | ३३० | ७७ | ६१ | १३८ | ३२ | १७८ | ४५ | १८३ | ५१ | १७१ | ७७४ |
| ५ | २५० | २४९ | ४९९ | ९० | ७४ | १६४ | २८ | २२० | १६ | ४२ | ६३ | २२० | ९९० |
| ६ | १५७ | १६८ | ३२५ | ७० | ३९ | १०९ | ३५ | १४१ | ३३ | १३२ | ३२ | ९९ | ६७५ |
| ७ | ६५ | ३८ | १०३ | २० | २४ | ४४ | १६ | ५९ | ५८ | २०९ | १४ | ५२ | २९४ |
| ८ | ६४ | ५६ | १२० | २५ | २३ | ४८ | १३ | ५६ | ४४ | १६५ | २५ | ८५ | ३०६ |
| ९ | ३३० | २८२ | ६१२ | ११४ | ७२ | १८६ | ५२ | २६७ | १७ | ४४ | ४६ | १५७ | ११८० |
| १० | १४९ | ११५ | २६४ | ५२ | ४५ | ९७ | २१ | १११ | २ | ६ | १४ | ४७ | ५०९ |
| **जम्मा** | १८८१ | १६६८ | ३५४९ | ७०१ | ५२५ | १२२६ | २९१ | १५७९ | २४९ | ९१६ | ३८१ | १३६९ | ७२७५ |

## ख) सामाजिक सुरक्षा

| वर्ग | प्रथम त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | वितरित संख्या | खर्च रकम | वितरित संख्या | खर्च रकम | वितरित संख्या | खर्च रकम | वितरित संख्या | खर्च रकम | बार्षीक वितरित संखञा | बार्षीक खर्च |
| अन्य जेष्ठ नागरिक भत्ता | २२९८ | २७४४६७५२ | २३२६ | २७७५०५५७ | २३३९ | २७७८४८८८ | २३५३ | २८०३७३२९ | ९३१६ | १११०१९५२६ |
| जेष्ठ नागरिक भत्ता (दलित) | ३३९ | २६६५३२० | ३४४ | २७२१००३ | ३५० | २७३१८८८ | ३४७ | २७२५९८५ | १३८० | १०८४४१९६ |
| जेष्ठ नागरिक एकल महिला | २२० | १७५२९४० | २१८ | १७३४३२० | २०९ | १६६००२३ | १९४ | १५३८४०५ | ८४१ | ६६८५६८८ |
| विधवा | ४७२ | ३७२४००० | ४८१ | ३७९०५०० | ४९१ | ३८८६२६० | ५०५ | ४०००१२५ | १९४९ | १५४००८८५ |
| पूर्ण अपाङ्गता भत्ता | ५२ | ६०३७४५ | ५१ | ६१०४७० | ४८ | ५७४५६० | ४७ | ५६२५९० | १९८ | २३५१३६५ |
| अति अशक्त अपाङ्गता भत्ता | २३० | १४४०६५६ | २३० | १४६८३२० | २३३ | १४८७४७२ | २३४ | १४८७४७२ | ९२७ | ५८८३९२० |
| दलित बालबालिका | ४४१ | ६७११४२ | ४५८ | ७०११२२ | ४७२ | ७२४६११ | ४८४ | ७४०३७२ | १८५५ | २८३७२४७ |
| जम्मा | ४०५२ | ३८३०४५५५ | ४१०८ | ३८७७६२९२ | ४१४२ | ३८८४९७०२ | ४१६४ | ३९०९२२७८ | १६४६६ | १५५०२२८२७ |

## १६. मेडपा कार्यक्रम

- उद्यम विकास समितिको बैठक बसी कार्य क्षेत्र र नयाँ सीप तालिमको बारेमा स्थानीय स्तरमा पाईने केराको रेसाबाट धागो बनाउने वा फेसन डिजाईन सम्बन्धी तालिम संचालन गर्ने निर्णय भई सोको कार्यान्वयन गरिएको छ।
- सपिङ्ग ब्याग तथा लेडिज ब्याग सिलाई तालिम सम्पन्न भएको छ।
- बेनी नगरपालिका वडा नं. २ मा केराको फाईवर बाट धागो बनाउनको लागि अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ।
- बेनी नगरपालिका वडा नं. २ मा उद्यमशिलता तालिम सञ्चालन गरिएको छ।
- बजार प्रतिस्पर्धा र उत्पादकत्व वृद्धिको लागि प्रविधि वितरण कार्यक्रम सम्पन्न भएको छ ।
- लघु वित्तमा पहुच कार्यक्रम सञ्चालन गरिएको छ। साथै लघु उद्यमी समुह गठन गर्ने कार्य समेत भएको छ।

## १७. न्यायिक समिति

**क) उजुरीहरुको विवरण**

| आव ०८०।८१ बाट जिम्मेवारी सरेका उजुरी | नयाँ दर्ता भएका उजुरी | जम्मा उजुरी | हाल सम्म फछयौट भएका उजुरी | प्रक्रियामा रहेका उजुरी |
|---|---|---|---|---|
| ६ | १६ | २२ | १९ | ३ |

| क्र. स. | उजुरीको विस्तृत विवरण | जम्मा | किनारा लागेको | | प्रकृयामा रहेको |
|---|---|---|---|---|---|
| | | | मिलापत्र भएको | निर्णय भएको | |
| १. | घरयासी झै-झगडा सम्बन्धी विवाद | ३ | १ | २ | |
| २. | घर बहाल सम्बन्धी विवाद | २ | १ | १ | |
| ३. | सामान्य लेनदेन सम्बन्धी विवाद | ४ | १ | १ | २ |
| ४. | घरजग्गा सम्बन्धी विवाद | ३ | २ | ० | १ |
| ५. | अन्य विवाद | १० | ७ | ३ | ० |
| ६. | जम्मा | २२ | १२ | ७ | ३ |

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| उजुरी संख्या | १ | १ | २ | १ | ३ | ३ | ५ | ४ | २ | ० |

**ख) न्यायिक समितिबाट सम्पादित अन्य क्रियाकलापहरु**

- अघिल्लो आ.व बाट जिम्मेवारी सरेका उजुरी तथा आ.व २०८१/८२ मा दर्ता भएका उजुरी माथि २४ पटक न्यायिक समितिको बैठक बसी विवादको मेलमिलाप तथा निर्णय गरी किनारा लगाएको छ।
- ४२ जना मेलमिलापकर्ताहरु सूचिकृत गरिएको छ।
- न्यायिक कार्यसम्पादन प्रकृयाको असल अभ्यासको सिकाइ गह्रण गर्ने उद्देश्यका साथ समितिको पदाधिकारी तथा कर्मचारीको विभिन्न पालिकाहरुको अध्ययन अवलोकन भम्रण सम्पन्न भएको छ।

## १८. नगर प्रहरीबाट सम्पादित कार्यहरु:

- ढुङ्गा, गिट्टी तथा वालुवा लगायत अवैध कर छली बापत जम्मा रु १,३९,५०० (एक लाख उन्चालिस हजार पाँच सय रुपैयाँ) संकलन गरिएको।
- बेनी बजार क्षेत्रमा पशु चौपायालाई नियन्त्रणका लागि निरन्तर प्रयासहरु भएको।
- बेनी नगरपालिकाको विपद् व्यवस्थापनका क्षेत्रमा आवश्यकता अनुसार खटिने कार्य भएको।
- नगर प्रहरी आधारभूत तालिम सम्पन्न भएको छ।

## १९. वडा कार्यालयको प्रगति विवरण:

| शिर्षक | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | वडा नं. ६ | वडा नं. ७ | वडा नं. ८ | वडा नं. ९ | वडा नं. १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा योजना(पूँजिगत) संख्या | ३६ | ३७ | ३१ | ४४ | ५५ | ३१ | १३ | २० | २९ | २६ |
| कार्यक्रम(चालु) संख्या | ८ | ११ | ० | ६ | २ | १६ | ९ | १३ | ११ | ८ |
| हालसम्म सम्पन्न योजना | ३४ | ४८ | ३१ | ४४ | ५३ | ३१ | १२ | १९ | २९ | २६ |
| हालसम्म सम्पन्न कार्यक्रम | ८ | | ३१ | ६ | २ | १६ | ८ | १३ | ११ | ८ |
| जन्मदर्ता | ७३ | ८२ | ९१ | २०१ | ८६ | २१३ | १२ | १३ | १०२ | ५२ |
| विवाह दर्ता | ३३ | ३७ | ४३ | ६४ | ३२ | २६ | १३ | ८ | २६ | १४ |
| वसाईसराई दर्ता | ३ | १४ | १६ | १४ | १२ | ९ | १४ | ८ | २० | ४ |
| सम्बन्ध विच्छेद दर्ता | ९ | ४ | ८ | ६ | ६ | १० | ३ | २ | १७ | ६ |
| मृत्यु दर्ता | २३ | ३७ | ३४ | २० | ३९ | २५ | ७ | ६ | २६ | २१ |
| घरबाटो सिफारिस | १७ | २५ | १८ | २८ | २० | १० | २२ | ४० | २१ | १९ |
| चारकिल्ला सिफारिस | ३५ | ४७ | २३ | ८३ | ४० | ७३ | ८२ | ६० | १०८ | ३७ |
| नाता प्रमाणित सिफारिस | १०६ | ३९ | ७९ | ४९ | ५८ | ४३ | ६५ | ४६ | ५९ | ८८ |
| नागरिकता सिफारिस | ९१ | २४० | २४२ | ३३८ | ८६ | ४२३ | ५८ | ५२ | २९८ | १५५ |
| सर्जमिन मुचुल्का | ३० | ५ | ३६ | १५ | ९ | ८३ | ३६ | १० | ५ | १० |
| अन्य विविध सिफारिस | १०८५ | १०२१ | ९३७ | ११६४ | १५०४ | ७८८ | ८७१ | ५७१ | १४५४ | ७३८ |
| चिठ्ठीपत्र दर्ता | ९० | ७५ | १३ | ५१५ | ६० | ८०० | ८१७ | ९४ | १४५ | ७० |
| चिठ्ठीपत्र चलानी | १२४३ | १३७४ | १३३३ | १६६२ | ५८ | १३४४ | १०३४ | ७७९ | २००९ | १०४७ |
| सम्पत्तिकर/भूमिकर रु | ८५६७५.८ | ४००८४ | ० | ६३०११.०३ | ० | २००० | ० | १९४८७० | – | ० |
| उजुरी संख्या | ० | ० | ० | ६ | ५ | ० | ० | ३ | ९ | २ |
| फर्यौट संख्या | ० | ० | ० | ६ | ५ | ० | ० | ३ | ९ | २ |
| अन्य प्रशासनिक सेवा शुल्क | ५४६३५७ | ० | ० | ८३८५७४.४ | ६६७१५२ | ० | १९२००२८.६१ | | – | ० |
| प्रदुषण नियन्त्रण शुल्क | ० | ० | ० | १८६८०० | ० | ० | ० | | – | ० |
| दण्ड जरिवाना तथा जफत | ० | ८८० | ० | ४२५२ | २००० | ० | १९९३० | | – | ० |
| व्यक्तिगत घटना दर्ता | ७८६०० | ७२६०० | ११४७०० | ९२००० | १०६८०० | ९१००० | २८१०० | | – | ६७५०० |
| अन्य राजश्व | ० | ८५६४५२ | ७४८४९० | २३३५० | ८०५० | ४६६७१७ | १५९०० | | १५४७३६१ | ४५९४६७.४४ |

# बेनी नगरपालिकाको अवस्था विश्लेषण

**क) सबल पक्षहरु:**

- अधिकांश योजना तथा कार्यक्रमको कार्यान्वयन वडा कार्यालयहरुबाट हुने गरी मिलाइएको। पाँच लाख सम्म लागत अनुमान भएका आयोजना तथा कार्यक्रमको सम्झौता तथा अनुगमन/निरीक्षणको जिम्मेवारी वडा कार्यालय र वडास्तरीय अनुगमन समितिलाई दिइएको छ।
- नेपाल सरकारले तय गरेका मूल्यांकन प्रणालीहरु: LISA, FRA एवम् कार्य सम्पादन मापनमा बेनी नगरपालिका देशमा नै अग्रस्थानमा रहेको छ।
  (आर्थिक वर्ष २०८०।८१ मा LISA: ९०.२५, FRA: ८६.५ र कार्य सम्पादन मूल्याङ्कन: ८०.१७)
- बेनी नगर कार्यपालिकाको कार्यालय र मातहतका वडा कार्यालयहरुको भौतिक वातावरणमा सुधार गरिएको छ।
- विकास निर्माण क्रियाकलापमा जनसहभागिता अभिवृद्धि भएको छ।
- विद्यालयस्तरमा अध्ययन गर्ने विद्यार्थीहरुको स्वास्थ्य तथा असल जीवनयापनका लागि नगरक्षेत्रभित्र हुक्का सेवन बन्द गरिएको, दुग्ध डेरीहरुमा धुम्रपान बन्देज गरिएको छ। इजाजत नलिएका पसलहरुमा चुरोट, खैनी, सूर्ती बिक्रीमा रोक लगाइएको छ।

**ख) सीमाहरु:**

- सीमीत साधनस्रोतले असीमित आवश्यकता सम्बोधन गर्नुपर्ने।
- स-साना आयोजना तथा कार्यक्रमले प्राथमिकता पाउने गरेको।
- अपवाद बाहेक उपभोक्ता समितिहरुबाट अपेक्षित रुपमा कार्यसम्पादन हुन नसकेको।
- उपभोक्ता समितिहरुमा सार्वजानिक खरिद कानूनको परिपालनाको स्तर कमजोर रहेको।
- कर्मचारीहरुलाई उच्च सीपयुक्त तथा क्षमतायुक्त बनाउन नसकिएको।
- वस्तिस्तर सम्मका आवश्यकताहरु सम्बोधन गर्नुपर्दा बजेटमा टुक्रे योजनाहरुको बाहुल्यता हुने गरेको।
- विकासको प्राथमिकता भौतिक विकास (विशेषत: सडक) तर्फ हुने गरेको।
- नगरपालिकाको आन्तरिक आय तुलनात्मक रुपमा न्यून रहेको।

**ग) अवसरहरु:**

- प्राकृतिक स्रोतको प्रचुर उपलब्धता।
- धार्मिक तथा पर्यटकीय क्षेत्रको हिसाबले उच्च सम्भावना ।
- कालिगण्डकी तथा म्याग्दी नदी अवस्थितिले आर्थिक विकासको प्रचुर सम्भावना।
- विवादरहित नगर सभा तथा कार्यपालिका बैठक।

- बेनी नगर क्षेत्रमा सक्रिय जनशक्तिको उपलब्धता ।
- कृषि, पशु व्यवसाय, धार्मिक तथा पर्यटकीय क्षेत्रहरुको भरपूर सम्भावना ।

**घ) चुनौतीहरु:**

- सबै वडाहरुमा सन्तुलित विकास गर्नु । (सर्वपक्षीय विकास र दिगो विकास)
- वडातहमा सुविधाजनक सडक पुर्याउनु ।
- बजेटको आकार र आन्तरिक स्रोत अभिवृद्धि गर्नु ।
- नगरपालिकाको फोहोर व्यवस्थापन प्रभावकारी बनाउनु ।
- प्रशासन संयन्त्रलाई सबल, सक्षम, सूचना प्रविधिमैत्री, क्षमतायुक्त बनाउनु ।
- जनअपेक्षाको सम्बोधन गर्नु ।
- बेनी बजारमा व्यवस्थित वस्ति विकास र आवश्यक शहरी पूर्वाधार विकास गर्नु ।

# समाप्त